## हलेसी तुवाचुङ नगरपालिकाको नगरसभामा प्रस्तुत हलेसी तुवाचुङ नगरपालिकाको आगामी आ.व. २०८३/०८४ को प्रस्तावित नीति तथा कार्यक्रम, बजेट

मिति :२०८३/०३/०७

**उप प्रमुख ज्यू, सभाका सदस्य सचिव ज्यू, सभाका सम्मानित सदस्यज्यूहरु,**

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली तथा स्थानीय सुशासनको भावना अनुरूप हलेसी तुवाचुङ नगरपालिकाको सम्मानित नगरसभाको यस अधिवेशनमा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु। यस महत्वपूर्ण अवसरमा नगरसभाका सम्पूर्ण सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र, सञ्चार जगत, विकास साझेदार तथा सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक स्वागत तथा शुभकामना व्यक्त गर्दछु।

सर्वप्रथम नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता, लोकतन्त्र, गणतन्त्र, संघीयता, समावेशी शासन व्यवस्था तथा सामाजिक न्याय स्थापनाका लागि भएका विभिन्न ऐतिहासिक आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात अमर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, लोकतान्त्रिक आन्दोलनका क्रममा घाइते, अपाङ्गता भएका तथा बेपत्ता पारिएका नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरूको योगदानको कृतज्ञतापूर्वक स्मरण गर्दछु।

हामी संविधानले प्रदान गरेको अधिकार, जिम्मेवारी र अवसरलाई जनताको जीवनस्तरसँग प्रत्यक्ष जोड्ने ऐतिहासिक दायित्वमा छौं। स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएकाले नागरिकको अपेक्षा, आवश्यकता र आकांक्षालाई सम्बोधन गर्दै गुणस्तरीय सेवा प्रवाह, सुशासन, उत्तरदायित्व, पारदर्शिता र विकासलाई संस्थागत गर्नु हाम्रो प्रमुख कर्तव्य हो।

पछिल्ला वर्षहरूमा नगरपालिकाले सीमित स्रोत र साधनका बाबजुद भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, पर्यटन, सामाजिक सुरक्षा, विपद् व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ। यी उपलब्धिहरू जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, सहकारी, सामुदायिक संस्थाहरू तथा सम्पूर्ण नगरवासीहरूको साझा प्रयासको परिणाम हुन्। यस अवसरमा विकास र समृद्धिको यात्रामा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

हलेसी तुवाचुङ नगरपालिका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाले सम्पन्न क्षेत्र हो। त्रिधार्मिक आस्थाको केन्द्र हलेसी, किरात सभ्यताको गौरवशाली इतिहास, जैविक विविधता, कृषि सम्भावना तथा पर्यटनका बहुआयामिक अवसरहरू हाम्रो समृद्धिका महत्वपूर्ण आधारहरू हुन्। यी सम्पदा र सम्भावनालाई संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्दै उत्पादन, उत्पादकत्व, उद्यमशीलता, पर्यटन प्रवर्द्धन तथा रोजगारी सिर्जनामार्फत स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने दिशामा नगरपालिका प्रतिबद्ध रहेको छ।

आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम नेपाल सरकार, कोशी प्रदेश सरकार तथा स्थानीय आवश्यकताबीच समन्वय कायम गर्दै दिगो विकास, सुशासन, सामाजिक न्याय, वातावरणीय सन्तुलन, डिजिटल रूपान्तरण तथा समावेशी आर्थिक विकासलाई केन्द्रमा राखेर तर्जुमा गरिएको छ। प्रस्तुत नीति तथा कार्यक्रमले कृषि आधुनिकीकरण, पर्यटन विकास, पूर्वाधार विस्तार, मानव पूँजी विकास, सामाजिक सुरक्षा, राजस्व सुदृढीकरण तथा प्रभावकारी सेवा प्रवाहमार्फत नगरवासीको जीवनस्तर उकास्ने लक्ष्य लिएको छ।

**"समृद्ध हलेसी, सुखी, सुरक्षित र आत्मनिर्भर नागरिक"** निर्माण गर्ने हाम्रो साझा अभियानलाई सफल बनाउन त्रिधार्मिक तपोःभूमि हलेसी तुवाचुङ नगरपालिकाको सम्मानित नगरसभामा आर्थिकवर्ष२०८३/०८४ को बार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्दा सोको पूर्वशर्तको रुपमा रहेको नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम पारित गर्नुपर्ने स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ माभएको व्यवस्थाका आधारमा आ.व. २०८३/०८४को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**नगरसभाका सम्पुर्ण सदस्यज्युहरु**

हलेसी तुवाचुङ नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहदा हाम्रो भौगोलिक बनावट, सामाजिक पृष्ठभूमि, विकासप्रतिको धारणा, हाम्रा सांस्कृतिक, आर्थिक अवस्था र राज्य पुनसंरचनाको प्रारम्भिक अभ्यास आदिका कारण जनअपेक्षा र हाम्रो आफ्नै चाहना समेत नीति तथा कार्यक्रममा सम्पूर्ण रुपमा समावेश गर्ने गराउने प्रयास पूर्ण नहुन सक्छ। यद्यपि हाम्रो संरचनागत, कानुनी दायरा, आर्थिक अवस्था, सामाजिक सांस्कृतिक अवस्था, भौगोलिक जटिलताका बाबजुत हलेसी तुवाचुङ नगरपालिकाको बजेट तथा योजना तर्जुमा समितिले गरेको सिफारिसका आधारमाहलेसी तुवाचुङ नगरपालिकाकोचौतर्फि समृद्धि र विकासका लागि आगामी आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा दफाबार छलफल भई पारित हुने विश्वासका साथ पेश गर्दछु ।

प्रस्तुत नीति तथा कार्यक्रमबाट आत्मनिर्भर स्थानीय सरकारको निर्माण साथै संघ तथा प्रदेश सरकारले लिएको उद्देश्य हासिल गर्नमा समेत टेवा हुने विश्वास लिएकोछु।

यस सभामा प्रस्तुत हुने नीति तथा कार्यक्रममा कतिपय विषयवस्तुहरु छुट्न गएको वा समेट्न नसकिएको हुनसक्छ, सो बारेमा यँहाहरुबाट प्राप्त सान्दर्भिक अमूल्य सल्लाह तथा सुझावको अपेक्षा गर्दै उक्त अमूल्य सल्लाह र सुझावलाई अत्यन्त संवेदनशील भईसमेट्ने प्रतिवद्धता व्यक्त गर्दै आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु ।

# हलेसी तुवाचुङ नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम आर्थिक वर्ष २०८३/०८४

## १.आर्थिक विकास

### (क) कृषि तथा पशुपंक्षि

### कृषिमा उन्नती, कृषकको समृद्धि

- कृषक र लघु उद्यमीहरुलाईकृषि तथा पशुपन्छीजन्य व्यवसायका लागि ५ लाख सम्मको **ब्याज अनुदान कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।
- कृषकसँग**लागत साझेदारीमा कृषि औजार**/विषादी,उन्नत बिउवीजन/विरुवाको उचित व्यवस्था गरिनेछ ।
- कृषकले उत्पादन गरेको बदामलाई प्रवर्द्धनका लागि ब्राण्डिङ गरी बजारीकरण गरिनेछ साथै **८ मुरी भन्दा बढी बदाम उत्पादन गर्ने कृषकलाई नगद प्रोत्साहन**प्रदान गरिनेछ ।
- व्यावसायिक रुपमा**बंगुर र बाख्रापालनमा नश्लसुधार कार्यक्रम** संचालन गर्दालागत साझेदारीमा थप व्यवस्थित गरिनेछ ।
- प्रत्येक वडामा एक विशिष्ट उत्पादन प्रवर्द्धन गर्दै क्लस्टर विकास र बजार पहुँच सुनिश्चित गर्नका लागि**कृषि एम्बुलेन्स संचालनमा ल्याई व्यवस्थित र पहुँचयोग्य बनाईने छ ।**
- **बाँदर, बँदेल लगायत कृषिमा क्षति गर्ने वन्यजन्तु नियन्त्रण**का लागि कृषकहरुको सहकार्यमा आवश्यक बजेट र जनशक्तिको व्यवस्था गरिनेछ ।
- **अकबरे खुर्सानी, बेसार र अदुवालगायतका नगदे बाली विस्तार** गरी स्थानीय कृषकको आम्दानीमा वृद्धि गरिनेछ।
- पशुपन्छीमा देखिने **महामारीजन्य रोग नियन्त्रण** गर्न आवश्यक **खोप कार्यक्रम** र निःशुल्क **पशु स्वास्थ्य जाँच शिविर** संचालन गरिने छ ।
- कृषि उद्योग स्थापना गरी कृषकहरुको आम्दानीमा बृद्धि गरिनेछ।
- कृषि प्राविधिक तथा कृषकहरुलाई आवश्यकता अनुसार उचित तालिमका माध्यमबाट क्षमता अभिवृद्धि गर्दै कृषि क्षेत्रको**विस्तृत, बृहत एवं व्यवसायिक** रुपान्तरण गरिनेछ।
- २५०के.जी. देखि ४०० के.जी. सम्म **राजमा** उत्पादन गर्ने कृषकहरुलाई प्रति के.जी. रु १० रुपैंया र ४०१ के.जी.भन्दा बढी उत्पादन गर्ने कृषकलाई थप प्रति के.जी. रु ३ रुपैंयाले **प्रोत्साहन** स्वरुप रकम उपलब्ध गराइनेछ ।
- सबैभन्दा धेरै कोदो उत्पादन गर्ने **प्रत्येक वडाका एक जना कृषकलाई नगद प्रोत्साहन**प्रदान गरिनेछ ।
- विगत ५ वर्षदेखि **बाँझो रहेको जग्गा जमिनमा** व्यावसायिक खेती गर्ने कृषकहरुलाई **प्रति रोपनी रु २०००** का दरले नगद प्रोत्साहन गरिनेछ ।

### (ख) पर्यटन तथा संस्कृति

- **हलेसीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धार्मिक पर्यटन गन्तव्यका रूपमा विकास गर्न** त्रिधार्मिक तपो भूमि हलेसी सहित नगरभित्रका धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र एकीकृत व्यवस्थापन गरिनेछ।
- जोर्ती वाम्वुले ढ्वाङकुमबाट मुन्धुम ट्रेल जानका लागि नयाँ पदमार्गको प्रारम्भ गरिनेछ ।
- **"हलेसी तुवाचुङ सांस्कृतिक तथा पर्यटन सर्किट"**अवधारणालाई कार्यान्वयन गर्दै हलेसी गुफा, तुवाचुङडाँडा, सल्ले पोखरी, बुङालुङ (रक गार्डेन), हलेसी गढी, किरातेश्वर महादेव, ससेशवर महादेव, गुसेशवर महादेव,खरखरे महादेव, बोझेओडार, च्यास्मिटार भुम्जुगढी लगायत प्रमुख गन्तव्यहरूलाई पूर्वाधार, सूचना तथा पर्यटन सेवामार्फत आपसमा आबद्ध गरिनेछ।

- निर्माणाधीन धर्मशाला, रक गार्डेन तथा अन्य पर्यटकीय पूर्वाधारहरूको निर्माण कार्य सम्पन्न गरी सार्वजनिक–निजी–सामुदायिक साझेदारीको माध्यमबाट सञ्चालन तथा व्यवस्थापन गर्दै स्थानीय आय र रोजगारी अभिवृद्धि गरिनेछ।
- हलेसी क्षेत्रको धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न डिजिटल प्लेटफर्म, वृत्तचित्र, पर्यटन सूचना सामग्री, प्रकाशन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- **होमस्टे पर्यटनलाई स्थानीय अर्थतन्त्रसँग जोड्दै**रैथाने खानाका परिकार, स्थानीय संस्कृति, कला र जीवनशैलीमा आधारित पर्यटन उत्पादनहरूको विकास तथा बजारीकरणमा प्रोत्साहन गरिनेछ।
- किरात सभ्यता, स्थानीय इतिहास, भाषा, संस्कृति, मौलिक ज्ञान, परम्परागत सीप तथा पुरातात्त्विक सम्पदाको संरक्षण, अनुसन्धान, अभिलेखीकरण र प्रदर्शनका लागि सांस्कृतिक संग्रहालय तथा व्याख्या केन्द्र स्थापना गरिनेछ।
- हलेसी मन्दिर क्षेत्र, बजार क्षेत्र तथा प्रमुख पर्यटकीय गन्तव्यहरूलाई सफा, सुरक्षित, व्यवस्थित र आकर्षक बनाउँदै सडक बत्ती, संकेत प्रणाली, विश्रामस्थल तथा सरसफाइ व्यवस्थापनलाई सुदृढ गरिनेछ।
- पर्यटन क्षेत्रमा निजी क्षेत्र, सहकारी, सामुदायिक संस्था तथा स्थानीय युवाको सहभागिता अभिवृद्धि गर्दै पर्यटन उद्यमशीलता, रोजगार र लगानीमैत्री वातावरण सिर्जना गरिनेछ।
- धार्मिक तथा सांस्कृतिक महत्वका पर्व, उत्सव, महोत्सव तथा पर्यटन कार्यक्रमहरूलाई व्यवस्थित रूपमा सञ्चालन गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षण बढाइनेछ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगर तथा पर्यटन गन्तव्यहरूसँग सहकार्य, अनुभव आदान–प्रदान र पर्यटन प्रवर्द्धनका लागि भगिनी (सिस्टर) शहर सम्बन्ध विस्तार गरिनेछ।
- हलेसी महादेव क्षेत्र लगायतका महत्वपूर्ण धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अभिवृद्धिका लागि आवश्यक अध्ययन, दस्तावेजीकरण तथा सूचीकरण सम्बन्धी पहल गरिनेछ।

### (ग) सहकारीः

- सहकारी संस्थाहरूमा सुशासन, पारदर्शिता वित्तीय अनुशासन तथा उत्तरदायित्व अभिवृद्धि गर्दै बचतकर्ताको हित संरक्षणलाई प्राथमिकतादिइनेछ।
- सहकारी संस्थाहरूको डिजिटल अभिलेखीकरण, सूचना व्यवस्थापन तथा प्रविधिमैत्री सेवा प्रवाहलाई प्रोत्साहन गरी सहकारी क्षेत्रलाई आधुनिक र विश्वसनीय बनाइनेछ।
- उत्पादन, उद्यमशीलता, कृषि तथा स्थानीय रोजगारीसँग सहकारी क्षेत्रको साझेदारी अभिवृद्धि गर्दै बचत तथा लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न प्रोत्साहन गरिनेछ।

### (घ) जलश्रोत तथा सिँचाई

- नगरपालिका क्षेत्र भित्र पर्ने कोशी करिडोर भूभागमा रहेका भाडबेसी, डिकुवा, रुपाटार कुर्ले र हैदे दाम्दले लिफ्टिङ सिँचाई, बुलाखोला सिंचाई प्रविधिलाई अबलम्बन गरीसिँचाई क्षेत्रको विस्तारका लागि आवश्यक बजेटको व्यवस्था गरि यसै आर्थिक बर्ष भित्र सम्पन्न गरिनेछ ।
- भौगोलिक र धरातलिय भिन्नताको आधारमा थोपा सिँचाई, रिचार्ज तथा कृषि पोखरी, सिँचाई कुलो निर्माण गरी जलस्रोतको समुचित उपयोग गरी खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व बढाउन जोड दिईनेछ ।
- डि सि आर एल परियोजनाबाट संचालन भएको जल उपभोक्ता संरक्षण उपभोक्ता संस्थालाई मर्मत सम्भार कोषको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

## (ङ)रोजगार, सीप तथा उद्यमशीलताः सीप, श्रम र उद्यम समृद्धिको त्रिवेणी

- साविक रोजगार सेवा केन्द्रलाई **रोजगार, सीप तथा उद्यमशीलता केन्द्र**का रुपमा रुपान्तरण गरि एकीकृत सेवा प्रवाह गरिने व्यवस्था मिलाईनेछ ।

- स्थानीय श्रम बजारको माग र आपुर्तिको अवस्थाको आधारमा सीप तथा उद्यमशीलता विकास तालिम सञ्चालन गरिनेछ ।
- युवाहरूलाई आफ्नो रुचि, क्षमता, सीप, व्यक्तित्व र लक्ष्य अनुसार उचित शैक्षिक तथा व्यावसायिक मार्ग छनोट गर्न Youth Career Counseling सञ्चालन गरिनेछ ।
- उद्योग तथा व्यावसाय दर्ता/नवीकरण, स्थायी लेखा नम्बर लगायत अन्य आवश्यक कानूनी प्रक्रियाका लागि परामर्श तथा सहजिकरण गरिनेछ ।
- स्थानीय रैथाने उत्पादनमा आधारित उद्योग, पुष्पखेतीमौरीपालन, धार्मिक सामग्री उत्पादन, हस्तकला तथा लघु उद्यम प्रवर्द्धनमार्फत दिगो रोजगारी सिर्जना गर्न प्रविधि हस्तान्तरण र व्यावसाय परामर्शगरिनेछ।
- आर्थिक वर्ष २०८३/०८४ मा नयाँ उद्यमीहरु पहिचान गरि कम्तिमा १०० वटा लघुघरेलु तथा साना उद्योगहरूको स्थापना, प्रवर्द्धन र विस्तार गरिनेछ।
- महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, बेरोजगार युवा, विपन्न समुदाय तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई उद्यम विकास कार्यक्रममा प्राथमिकता दिइनेछ।
- स्थानीय उत्पादनको ब्राण्डिङ, प्याकेजिङ, प्रवर्द्धन, बजारीकरण, सीप/रोजगार तथा प्रदर्शनी मेला, उद्योग दिवस तथा बिक्री कक्ष मार्फत बजार पहुँच विस्तार गरिनेछ।

## २.सामाजिक विकास

### (क) खानेपानी तथा सरसफाई

- दीगो विकासको लक्ष्यहासिल गर्ने गरी खानेपानी तथा सरसफाई आयोजनाहरु लोचा, शहरबोटे भालुखोला, जुकेखोला, धाराखोला कोलिसा खानेपानी यसै वर्ष सम्पन्न गरिनेछ ।
- लोचा, सहरबोटे,राटमाटे र जुकेखोला, आयोजनाहरु सम्पन्न गरि यस आर्थिक बर्षबाटभुल्केखोला, डिकखोला, अलैचिखोला, धाराखोला, फलाटे खानेपानी, सिम्ले खानेपानी, रानागाउँ सल्ले लिफ्टिङ लगायत विभिन्न खानेपानी आयोजनाहरुलाई आवश्यक बजेट विनियोजन तथा समन्वयन गरि खानेपानी विस्तार गरिनेछ ।
- नगर क्षेत्र तथा नगर क्षेत्र बाहिर रहेका जलस्रोत अनुकुल पर्नेमुहान पहिचान गरी पहिचान भएका मुहानलाई दिगो संरक्षण गरी उपयोगमाल्याइनेछ।
- बृहत लिफ्टिङ खानेपानी आयोजना व्यबस्थित संचालन र सुद्दिकरणको लागि आवश्यक सहयोगर सहजिकरण गरिनेछ।
- आकासे पानी संकलन तथा प्रशोधन गरी विभिन्न विद्यालय तथा बस्तीहरुमा शुद्ध पिउने पानीको पहुँच विस्तार गरिनेछ ।
- धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा नियमित रुपमा संकलन हुने फोहोरलाई उचित व्यवस्थापनको अध्ययन तथा अनुसन्धान गरी प्राङ्गारिक मल उत्पादन एवं पुन प्रयोगमा जोड दिइनेछ ।
- नगरपालिका भित्र सञ्चालनमा रहेको खानेपानी तथा सिंचाई व्यवस्थापन गर्नका लागि खानेपानी वोर्डको गठन गरिनेछ ।

### (ख) शिक्षा

- शिक्षालाई सर्वसुलभ गुणस्तरीय र जीवनोपयोगी बनाइने छ।यसका लागि  कानुनी, नीतिगत र संस्थागत सुधार गरिनेछ ।
- सामुदायिक विद्यालयहरुलाई विद्यार्थी संख्या र भौगोलिक दुरी र आवश्यकताका आधारमा कक्षा घटाउने तथा विद्यालय मर्ज गरी आवसीय विद्यालय सञ्चालनमा जोड दिइनेछ।
- अनिवार्य तथा निशुल्क शिक्षालाई कार्यान्वय गर्न शुन्य शुल्क नीतिलाई निरन्तरता दिइनेछ ।

- सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरु तथा सामुदायिक अध्ययन केन्द्रका परिचालिकाहरुलाई आवश्यकता र कार्य सम्पादनको आधारमा संघीय ससर्त अनुदानमा थप दिदै आएको तलब भत्तालाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्यको लागि खेलकुद राष्ट्रको लागि खेलकुद" भन्ने मूल नारालाई सार्थक बनाउन बालबालिको सर्वाङ्गिण विकासको लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ।
- शिक्षालाई सीप, संस्कार र प्रविधिसँग जोड्दै सामुदायिक विद्यालयलाई उत्कृष्टविद्यालयको रुपमा विकास गरिनेछ।
- विद्यालयहरुका सिकाइ अनुभव साटासाट गर्न नियमित घुम्ती प्रधानाध्यापक बैठक सञ्चालन गरिनेछ ।
- विद्यालयको शैक्षिक, प्रशासनिक तथा व्यवस्थापकीय नेतृत्वलाई प्रभावकारी बनाउन, प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता गरी मूल्याङ्कनमा आधारमा थप प्रोत्साहन गरिनेछ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अभिभावक तथा विद्यार्थीबीच सचेतना शिक्षा कार्यक्रम गरी विद्यार्थी, अभिभावकशिक्षकहरूबीच त्रिपक्षीय सम्बन्ध प्रभावकारी बनाइनेछ ।
- शैक्षिक अवलोकन भम्रणका माध्यमबाट सिकाइ अनुभव तथा व्यवस्थापकीय कार्यहरुको अनुभव आदनप्रदान गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू वीच विभिन्न विधामा प्रतिस्पर्धा गराइ विद्यार्थीको प्रतिभा पहिचान (Talent Hunt) सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- प्रत्येक विद्यालयमा बाल क्लव गठन बाल क्लवको माध्यमबाट बालबालिकाहरुको नेतृत्व क्षमता विकास हुने क्रियाकलाप सञ्चालन गरिनेछ ।
- नगरस्तरीयपरीक्षालाई थप मर्यादित, व्यवस्थित र बैज्ञानिक रुपमा सञ्चालन गरी नतिजाका आधारमा उत्कृष्ट विद्यार्थी तथा संस्थागत क्षमता विकासका सूचकका आधारमा सामुदायिक विद्यालयलाई प्रोत्साहन गरिनेछ ।
- शिक्षकहरूका लागि सेवा प्रवेश, पुनर्ताजकी तथा प्रविधि प्रयोगमा आधारित सूचना प्रविधि मैत्री तालिम सञ्चालन गरिनेछ।
- आधारभूत तहमा स्थानीय भाषा र संस्कृती झल्कने गरी मातृभाषा तथा स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक विकास गरी कार्यान्वयन गरिनेछ ।
- महिला शिक्षकहरु प्रसुति विदामा बसेको समयमा हुने शैक्षिक क्षति न्युनीकरणका लागि प्रसुति सट्टा शिक्षकको व्यवस्थालाई निरन्तरता दिनइने छ।
- विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादन खपत हुने गरी विद्यालयमा नै अनिवार्य दिवा खाजा खुवाउने व्यवस्था मिलाइने छ।
- बालबालिकामा कर्तव्य परायण, अनुशासित, स्वावलम्बी, सच्चरित्रवान तथा सुयोग्य नागरिकको भावाना विकास गराई दैवी प्रकोप तथा दुर्घटनामा परेका व्यक्तिहरूको उद्धार तथा सहायता कार्यमा परिचालन गर्नेविद्यालय स्काउट कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रारम्भिक बाल विकासमा बालबालिकाको जग बलियो बनाउन रातो बंगलासँगको साझेदारीमा सार्थक बाल सिकाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- प्रविधि मैत्री शिक्षण गरी गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि प्रत्येक वडामा १ वटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गरिने छ ।
- आर्थिक वर्ष २०८३/०८४ देखि स्कुल बस सेवा सञ्चालनमा ल्याइनेछ ।
- विद्यार्थीहरुलाई रैथाने सीप, कला र उद्यमशीलतासंग जोड्न पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गरिनेछ ।

## (ग) स्वास्थ्य तथा पोषण

- नगरभित्रका सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा सहज, सर्वसुलभ र निःशुल्क पहुँच सुनिश्चित गर्दै स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारीबनाइनेछ।
- स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा विस्तार गर्दै सबै घरपरिवारलाई समेट्ने गरी अनिवार्य सहभागितागरिनेछ।
- कुपोषण न्यूनीकरणका लागि समुदायस्तरमा खोजी अभियान सञ्चालन गरी कुपोषितबालबालिका पहिचान, उपचार र पोषण सुधार सेवामा आबद्ध गरिनेछ।
- नगर अस्पतालबाट २४ सै घण्टा एम्बुलेन्स सेवा सञ्चालनलाई निरन्तरता दिइनेछ । साथै, गर्भवती तथा सुत्केरी महिलाहरूलाई स्वास्थ्य संस्थाको सिफारिसका आधारमा निःशुल्क सेवा निरन्तर प्रदान गरिनेछ।
- विशेषज्ञ स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न टेलिमेडिसिन सेवा सञ्चालनका लागि सुविधा सम्पन्न अस्पतालहरूसँग समन्वय गरी प्रविधिमैत्री स्वास्थ्य सेवा प्रणाली विकास गरिनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरूको भूमिका सुदृढ गर्दै उनीहरूलाई प्रदान गर्रिँदै आएको मासिक रु १५०० प्रोत्साहन भत्तालाई निरन्तरता दिँदै क्षमता अभिवृद्धिगरिनेछ।

## (घ) आयुर्वेद स्वास्थ्य

- हलेसी आयुर्वेद औषधालयबाट प्रदान हुँदै आएको पञ्चकर्म लगायतका आयुर्वेदिक सेवाहरूलाई थप व्यवस्थित, गुणस्तरीय र पहुँचयोग्य बनाउँदै आयुर्वेद स्वास्थ्य सेवाको विस्तार गरिनेछ।
- जडीबुटी तथा औषधीजन्य वनस्पतिको उत्पादन, प्रशोधन र बजारीकरणमा संलग्न कृषक, समूह तथा सहकारीहरूलाई प्रोत्साहन गर्न आवश्यक अनुदान, प्राविधिक सहयोग तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय स्तरमा उत्पादन हुने कुरिलो लगायतका बहुमूल्य जडीबुटीहरूको संरक्षण, खेती विस्तार, मूल्य अभिवृद्धि तथा बजार व्यवस्थापनमार्फत आयआर्जन र रोजगारी सिर्जनामा जोड दिइनेछ।

## (ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- **"हलेसीका महिला उत्पादन र आम्दानीमा पहिला"** भन्ने नारालाई कार्यान्वयन गर्दै महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा पछाडि परेका समुदायहरूको नीति निर्माण, योजना तर्जुमा र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता र नेतृत्व विकासलाई सुनिश्चित गरिनेछ।
- लैङ्गिक हिंसा न्यूनीकरणका लागि संस्थागत संयन्त्रलाई सुदृढ गर्दै लैङ्गिक हिंसा निवारण कोष, बालिका बचत कार्यक्रम तथा आमा समूहहरूका लागि सञ्चालित बिउपूँजी तथा घुम्ती कोष कार्यक्रमलाई प्रभावकारी रूपमा विस्तार गरिनेछ।
- एकल महिला, एकल पुरुष, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायका लागि सीप विकास, उद्यमशीलता र जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरी आत्मनिर्भरता अभिवृद्धि गरिनेछ।
- बाल विवाह अन्त्यका लागि विद्यालय, टोल विकास संस्था र समुदायस्तरमा सशक्त जनचेतना कार्यक्रम सञ्चालन गर्दै बालमैत्री नगर घोषणाका लागि आवश्यक ५१ सूचकहरूको कार्यान्वयन तीव्र पारिनेछ।

## (च) युवा तथा खेलकुद

- युवाहरुको व्यक्तित्व विकास गर्न स्थानीय खेलकुद क्लब/संघसंस्थाहरूमा सहकार्य मार्फत युवा लक्षित खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।
- खेलकुद क्षेत्रको विकास गर्नका लागि सुविधा सम्पन्न कवर्डहल निर्माण गरिनेछ ।

- नगरपालिकाको सिफारिसमा अन्तरपालिका तथा जिल्लामा सामुहिक सहभागी भई प्रथम, द्धितीय र तृतीय स्थान हासिल गर्ने खेलाडी तथा समुह/क्लवलाई क्रमश १ लाख, ५० हजार र ३० हजार प्रोत्साहन स्वरुप नगद प्रदान गरिनेछ ।
- खेलप्रेमीहरुको क्षमता विकासका लागि अन्तरपालिका स्तरिय तुवाचुङ (भलिवल) कप आयोजनाको शुरुवात गरिनेछ ।

### (छ) भाषा तथा सस्कृति

- स्थानीय भाषा, लिपि, गीत, भेषभूषा, कला तथा सांस्कृतिक सम्पदाको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गर्दै भावी पुस्तासम्म हस्तान्तरण गर्ने नीति अवलम्बन गरिनेछ।
- नगरभित्रका मौलिक सांस्कृतिक सम्पदाहरू जस्तै नौमति बाजा, बालन, लाखे नाच, साकेला, संगिनी, पुटपुटे नाच लगायतका परम्परागत कला–संस्कृतिको संरक्षण, नियमित अभ्यास र सार्वजनिक प्रदर्शनलाई संस्थागत गरिनेछ।
- सांस्कृतिक पर्यटन महोत्सव सञ्चालन गरिनेछ।
-

### (ज) सामाजिक सुरक्षा तथा संरक्षण र पञ्जिकरण

- संविधानले सुनिश्चित गरेको सामाजिक सुरक्षाको हकलाई कार्यन्वयन गर्न नगरपालिका भित्र रहेका जेष्ठ नागरिक, अपाङगता भएका व्यक्ति, एकल महिला, दलित तथा पिछडिएका वर्गका नागरिकलाई नगरपालिकाले प्रदान गर्ने सम्पूर्ण सेवा सुविधमा प्राथमिकतामा राखि कार्य गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न बैंकसम्म आउन नसक्ने जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिहरुलाई टोल स्तरमा गई भत्ता वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

## ३.पूर्वाधार विकास

### (क) सडक तथा यातायत

- नगरयातायात गुरुयोजनानिर्माण बमोजिम सडक क्षेत्राधिकारनिर्धारण, स्तरोउन्नती तथा विस्तारगरिनेछ ।
- सडकको पँहुच भन्दा बाहिर रहेका वस्तीहरुलाई उच्च प्रथामिकतामा राखी सडक विस्तार गरिनुका साथै अन्तरवडा, अन्तरपालिका र अन्तर जिल्ला जोड्ने रणनीतिक महत्वका सडकहरुलाई निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ ।
- नगरपालिका भित्रका अत्यावश्यक तथा नियमित सेवामा सहज पहुँच सुनिश्चित गर्न सडक मर्मत तथा सम्भार कार्यलाई रोजगारी सिर्जना सहित सडक हेरालुको व्यवस्था गरिनेछ ।
- पर्यटन सडकहरुलाई प्रकृतितथा संस्कृति मैत्री बनाई हलेसी तुवाचुङ नगरपालिका खण्डको पुष्पलाल मध्यपहाडी लोकमार्ग र हलेसी धितुङ रेग्मीटार सडकलाई नमुनाको रुपमा इको-रोड/पर्यावरण मैत्री सडकका रुपमा बिकास गर्न प्रयास गरिनेछ ।
- दुधकोशी, सुनकोशी करिडोर, नगर रिङ रोड निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- नगर स्तरीय सडक संरक्षण र सुरक्षाको लागि आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।

### (ख) भवन,आवास तथा सहरी विकास

- भू-बनोट,क्षमता, उपयुक्तता र भू-उपयोगको आधारमा योजनाबद्ध रुपमा नगरभित्रका सम्बम्भावित क्षेत्रहरुलाई एकीकृत वस्ति विकास/बजारिकरण/शहरीकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- सुकुम्बासी बस्ती व्यवस्थापनका क्रममा विस्थापित भई अन्यत्र बसोबास गरिरहेका हलेसी तुवाचुङ नगरपालिकाका नागरिक पुनः नगरपालिकाभित्र बसोबास गर्न आएमा आवास निर्माणका लागि प्रतिघर रु. ५ लाखसम्म सहयोग उपलब्ध गराइनेछ।
- स्थानीय स्तरमा उत्पादित इन्टरलक ब्लक र टायललाई निजि तथा सामुदायिक भवनहरुमा प्रयोग गरीनेछ ।

- नगरपालिकाको प्रशासकीय भवन, स्वास्थ्य चौकी भवन,सामुदायिक भवन क्रमशः निर्माण तथा स्तरोन्नति गरी सेवा सञ्चालन गर्नका लागि बहुउपयोगी बनाइदै लगिनेछ।
- निर्माणाधिन अवस्थामा रहेको नगर अस्पताल सम्पन्न गरी गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गरिने छ ।
- नगरपालिका भित्र निर्माण हुने भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्री, बालमैत्रीको र महिलामैत्री अवधारणलाई अवलम्बन गरिनेछ।
- बजार र ग्रामिण क्षेत्रमा खुल्ला स्थानमा खेलकुद मैदान,हरियालि पार्क,पुष्पवाटिका र पोखरी निर्माण गरिनेछ।
- भवन संहितालाई कार्यान्वयनमा जोड दिईनेछ ।

### (ङ) विद्युत तथा वैकल्पिक ऊर्जा

- वैकल्पिक ऊर्जा प्रविधिको विकास, विस्तार र उपयोगका लागि नेपाल सरकार तथा प्रदेश सरकारका नीति, १६औं योजनाको लक्ष्यअनुरूप सम्बन्धित संघ–संस्था, निजी क्षेत्र र विकास साझेदारहरूसँग समन्वय र सहकार्य गरिनेछ।
- ऊर्जा दक्षता अभिवृद्धि गर्न विद्युतीय चुलो, सुधारिएको चुलो तथा अन्य स्वच्छ ऊर्जा प्रविधिहरूलाई लागत साझेदारीका आधारमा क्रमिक रूपमा विस्तार गरिनेछ।
- नगर उर्जा योजना (Municipal Energy Plan – MEP) लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै ऊर्जा उत्पादन, वितरण र उपयोगमा दिगो, वातावरणमैत्री र स्थानीय स्रोतमा आधारित प्रणाली विकास गरिनेछ।
- नगरका मुख्य सडक, सार्वजनिक स्थल तथा घना बस्तीहरूमा सौर्य बत्ती जडान कार्यक्रमलाई निरन्तरता दिँदै **सुरक्षित, उज्यालो र ऊर्जा–मैत्री नगर** निर्माण गरिनेछ।

## ४.वन वातावरण तथा विपद व्यवस्थापन

### (क) विपद् व्यवस्थापन/जलवायु परिवर्तन

- संविधानद्वारा प्रत्याभूत नागरिकको जीवन सुरक्षा अधिकारलाई आधार मानी विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, पुनःस्थापना तथा पुनर्निर्माणलाई एकीकृत प्रणालीमार्फत प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- संघ, प्रदेश तथा स्थानीय तह, सुरक्षा निकाय, रेडक्रस, गैरसरकारी संस्था, सञ्चार माध्यम, निजी क्षेत्र र समुदायसँगको समन्वयमा विपद् पूर्व तयारी, आपतकालीन उद्धार तथा राहत व्यवस्थापनलाई संस्थागत र चुस्त बनाइनेछ।
- विपद् व्यवस्थापन कोषलाई दिगो, पारदर्शी र पर्याप्त स्रोतयुक्त बनाउँदै विपद् व्यवस्थापन कार्यविधि अनुसार तत्काल राहत, उद्धार र पुनःस्थापनाका कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका लागि हरित विकास, स्वच्छ ऊर्जा, वन संरक्षण, जलाधार संरक्षण तथा वातावरणमैत्री पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।
- नगर क्षेत्रका सबै वडाहरूमा जोखिम मूल्याङ्कन (Risk Assessment), विपद् संवेदनशीलता विश्लेषण तथा जोखिम नक्साङ्कन (Hazard Mapping) गरी त्यसको आधारमा पूर्वसूचना प्रणाली, योजना तर्जुमा र विकास निर्माण कार्य सञ्चालन गरिनेछ।

### (ख) वन, वातावरण तथा भू–संरक्षण सम्बन्धी

- वन, जैविक विविधता, जलाधार तथा प्राकृतिक स्रोतहरूको दिगो संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्दै हरित, स्वच्छ, जलवायुमैत्री तथा विपद् उत्थानशील नगर निर्माणका लागि **"हरित हलेसी अभियान"**सञ्चालन गरिनेछ।

- कृषि - वन (Agroforestry), सामुदायिक वन, निजी वन तथा कबुलियती वनमार्फत बाँस, चिउरी, अमला, टिमुर, खयर लगायत बहुउपयोगी तथा औषधिजन्य वनस्पतिको उत्पादन, प्रशोधन र बजारीकरणलाई प्रोत्साहन गरी हरित अर्थतन्त्र तथा स्थानीय रोजगारी प्रवर्द्धन गरिनेछ।
- वन डढेलो, अवैध वन पैदावार ओसारपसार, वन अतिक्रमण तथा जैविक विविधतामाथिको जोखिम न्यूनीकरण गर्न सामुदायिक सहभागितामा आधारित अनुगमन, संरक्षण तथा व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ।
- जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण कार्यक्रम सञ्चालन गर्दै पहिरो, भू–क्षय, नदी कटान तथा माटो संरक्षणका लागि वृक्षारोपण, जैविक इन्जिनियरिङ र जलाधार संरक्षणका कार्यक्रम कार्यान्वयन गरिनेछ।
- फोहोरमैला व्यवस्थापनलाई स्रोतमै वर्गीकरण, पुन:प्रयोग, पुनर्चक्रण तथा वैज्ञानिक व्यवस्थापन प्रणालीमा आधारित बनाउँदै धार्मिक, पर्यटकीय, बजार तथा सार्वजनिक क्षेत्रलाई सफा, स्वच्छ र प्रदूषणमुक्त बनाइनेछ ।
- जलस्रोत, सिमसार, पोखरी, मूल तथा मुहानहरूको संरक्षण र पुनर्जीवन गर्दै वातावरण संरक्षण, हरित पूर्वाधार विकास तथा कार्बन न्यूनीकरणसम्बन्धी कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

### (क) मावन संशाधन विकासः-

- संविधानले प्रत्याभूत गरेको सुशासन, सेवा प्रवाह र दक्ष सार्वजनिक प्रशासनको अवधारणाअनुसार कर्मचारी व्यवस्थापनलाई कार्यसम्पादनमा आधारित प्रणाली (Performance Based Management) मा रूपान्तरण गर्दै जिम्मेवारी, उत्तरदायी बनाईकर्मचारीको कार्य सम्पादनका आधारमा प्रोत्साहन तथा अतिरिक्त भत्ता उपलब्ध गराईने नीति अबलम्बन गरि एकीकृत रूपमा लागू गरिनेछ।
- स्थानीय तहको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) लाई आधार मानी नगरपालिकाको संगठन संरचना पुनरावलोकन गरी सबै पदहरूको स्पष्ट कार्यविवरण (Job Description) तयार गरी कार्यान्वयन गरिनेछ। साथै, कार्यसम्पादन मूल्याङ्कनका आधारमा पुरस्कारको व्यवस्था संस्थागत गरिनेछ।
- नेपाल सरकारको सुशासन तथा सेवा प्रवाह सुधार नीतिअनुसार नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सार्वजनिक सेवा छरितो, पारदर्शी, उत्तरदायी र सेवाग्राहीमैत्री बनाउँदै डिजिटल सेवा प्रणाली विस्तार गरिनेछ।
- कर्मचारी, शिक्षक तथा स्वास्थ्यकर्मीहरूको दक्षता अभिवृद्धिका लागि आवश्यकता पहिचानमा आधारित तालिम, पुनर्ताजगी कार्यक्रम तथा पेशागत क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- सम्पूर्ण करार तथा अस्थायी कर्मचारीहरूको सामाजिक सुरक्षा र मनोबल अभिवृद्धिका लागि योगदानमा आधारित कर्मचारी कल्याण कोषमा आवद्ध गरिनेछ।
- नगरप्रहरी हरुको क्षमता विकास गर्नकालागी आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

### (ख) सुशासन, डिजिटल सेवा प्रवाह तथा संस्थागत सुदृढीकरण सम्बन्धी

- **जवाफदेही, पारदर्शी र भ्रष्टाचारमुक्त स्थानीय शासन**कायम गर्न सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, नागरिक बडापत्र तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ। साथै बेरुजु फछ्र्यौट, आन्तरिक नियन्त्रण प्रणाली तथा वित्तीय जोखिम न्यूनीकरणलाई उच्च प्राथमिकता दिइनेछ।
- **"डिजिटल हलेसी तुवाचुङ, सहज सेवा प्रवाह"**अभियान सञ्चालन गर्दै ई–गभर्नेन्स, ई–भुक्तानी, ई–सिफारिस, डिजिटल अभिलेखीकरण तथा विद्युतीय कार्यालय व्यवस्थापन प्रणालीको विस्तार गरी कागजरहित र प्रविधिमैत्री प्रशासनको विकास गरिनेछ।
- **"तपाईं जहाँ, नगरपालिकाको सेवा त्यहीं"**अवधारणालाई सुदृढ गर्दै अनलाइन, मोबाइल तथा वडा–स्तरीय सेवा केन्द्रमार्फत नागरिकलाई छिटो, सहज र पहुँचयोग्य सेवा उपलब्ध गराइनेछ।

- **स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली** (Local Governance Performance Assessment System)दिगो विकास लक्ष्य (SDGs) तथा नतिजामूलक व्यवस्थापन प्रणालीका सूचकहरूसँग आबद्ध गरी योजना तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।
- खुला सरकार (Open Government) को अवधारणालाई आत्मसात् गर्दै सार्वजनिक सूचना, बजेट, योजना, खरिद तथा सेवा प्रवाह सम्बन्धी विवरणलाई डिजिटल माध्यमबाट नियमित सार्वजनिक गरी नागरिक सहभागिता, सामाजिक उत्तरदायित्व र संस्थागत सुशासनलाई सुदृढ गरिनेछ।

## (घ) अनुसन्धान तथा विकास

- नगरपालिकाभित्र रहेका कृषि, वन, जलस्रोत, खानीजन्य सम्भावना, धार्मिक, सांस्कृतिक, पर्यटकीय तथा पुरातात्त्विक महत्वका क्षेत्रहरूको पहिचान (हलेसी मन्दिर परिसर), अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण गरी विकासका सम्भावनालाई उत्पादन, उत्पादकत्व, रोजगारी र आयआर्जनसँग आबद्ध गरिनेछ।
- स्थानीय स्रोत, साधन, जैविक विविधता, परम्परागत ज्ञान, सीप तथा प्रविधिको संरक्षण, अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन गर्दै दिगो विकास तथा स्थानीय अर्थतन्त्र सुदृढीकरणमा जोड दिइनेछ।

## (ङ) न्यायिक सेवा तथा मेलमिलाप

- न्यायिक समिति र वडामा रहेका मेलमिलाप केन्द्रहरुबाट प्रवाह हुने सेवालाई थप व्यबस्थितर आधुनिक बनाइनेछ।
- सूचना प्रविधिको उच्चतम प्रयोगबाट न्याय सम्पादन कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाईनेछ।
- न्याय सम्पादनलाई प्रभावकारी बनाउन अन्तरस्थानीय तह अध्ययन तथा अवलोकन गरिनेछ।
- न्यायिक समितिको प्रभावकारिता समुदायमा विस्तार गर्न युवा विद्यार्थी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

## (च) राजस्व

- नगरपालिकाको आन्तरिक आय अभिवृद्धिका लागि कर तथा गैरकर राजस्वका सम्भावित स्रोतहरूको पहिचान, अभिलेखीकरण तथा परिचालन गरी राजस्वको दायरा विस्तार गरिनेछ।
- करका दर तथा दायरालाई स्थानीय आर्थिक अवस्था, करदाताको क्षमता र वैज्ञानिक आधारमा पुनरावलोकन गर्दै कर प्रणालीलाई न्यायोचित, पारदर्शी तथा करदातामैत्री बनाइनेछ।
- करदाता शिक्षालाई प्रभावकारी बनाउँदै कर सचेतना, स्वेच्छिक कर सहभागिता तथा कर संस्कृतिको विकासमा जोड दिइनेछ।
- राजस्व प्रशासनलाई सूचना प्रविधिमैत्री बनाउँदै डिजिटल भुक्तानी, विद्युतीय अभिलेख तथा 'सूत्र' प्रणालीमार्फत राजस्व संकलनलाई थप प्रभावकारी र पारदर्शी बनाइनेछ।
- नगर क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसाय, उद्योग, होटल, होमस्टे, पर्यटकीय तथा अन्य व्यावसायिक गतिविधिहरूलाई अनिवार्य रूपमा दर्ता गरी करको दायराभित्र ल्याइनेछ।
- हलेसी क्षेत्रको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय गतिविधिबाट सिर्जित आर्थिक अवसरहरूको व्यवस्थापन गरी स्थानीय राजस्व अभिवृद्धि गरिनेछ।
- भवन निर्माण, नक्सा पास तथा सम्पत्ति अभिलेखीकरणलाई व्यवस्थित र अनिवार्य बनाउँदै सम्पत्ति तथा भवन करको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- प्राकृतिक तथा नदीजन्य स्रोतहरूको वातावरणीय मापदण्ड अनुरूप उपयोग, व्यवस्थापन तथा नियमन गरी प्राप्त हुने राजस्वलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- राजस्व चुहावट नियन्त्रण, उत्कृष्ट करदाताको सम्मानमार्फत सुशासनयुक्त र उत्तरदायी राजस्व प्रणालीको विकास गरिनेछ।

## (च) सञ्चार तथा सूचना प्रविधि

- नगर क्षेत्र भित्रकासार्वजनिक संस्था, विद्यालय, स्वास्थ्य केन्द्र र अन्य संस्थाहरुमा इन्टरनेट सुविधालाई थपप्रभावकारी र सुदृढ बनाइनेछ।
- नगरको मोवाइल एप र कार्यालयको वेवसाइटलाई नगरबाट प्रवाह हुने सेवासंग आवद्धगरी नगरका सबैसूचना तथा सेवाहरूमा शिघ्र तथा सहज पहुँच स्थापना गरिनेछ।
- राज्यकोचौथो अंगका रूपमा स्थापित सञ्चारकर्मीसंगको सहकार्यमा विकास पत्रकारितालाई प्रोत्साहन गरिनेछ ।
- कार्यालयमा सञ्चालनमा सरेका विद्युतिय प्रणालीहरुलाई एकीकृत गरी **Integrated System**को रुपमा बिकास गरिने छ ।
- हाल संचालनमा रहेका विद्युतिय प्रणालीहरुलाई आवश्यकता अनुसार थप स्तरोन्नती र परिमार्जन गर्दै लगिनेछ ।
- नगरपालिकाबाट प्रदान गरिएको सार्वजनिक सेवा र भौतिक विकासको डिजिटलाइज गरी सूचना तथा सञ्चार माध्यमबाट प्रसारण गरिनेछ ।

## ६. अन्तर सम्बन्धित विषयहरु

- नगरपालिकामा उपलब्ध भौतिक, मानवीय, प्राविधिक तथा प्राकृतिक स्रोत–साधनको अधिकतम उपयोग सुनिश्चित गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग सहकार्य र समन्वयमार्फत आवश्यक स्रोत परिचालन गरिनेछ।
- समृद्ध, व्यवस्थित र दिगो नगर निर्माणका लागि दीर्घकालीन सोचसहित परियोजना तथा कार्यक्रमहरूको पहिचान, अध्ययन, प्राथमिकीकरण र तयारी गर्न नगर योजना आयोगलाई थप सहभागीतामूलक बनाई "योजना बैंक" निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।
- दिगो विकास लक्ष्य (SDGs) प्राप्तिका लागि संघ, प्रदेश, विकास साझेदार तथा सरोकारवाला निकायसँग प्रभावकारी सहकार्य गर्दै नीति, कार्यक्रम तथा बजेटको एकीकृत र परिणाममुखी कार्यान्वयन गरिनेछ।
- ज्ञान, प्रविधि, असल अभ्यास, लगानी तथा सांस्कृतिक आदान–प्रदान प्रवर्द्धन गर्न देशभित्र तथा बाहिरका नगरपालिकासँग मितेरी तथा भगिनी सम्बन्ध स्थापना एवं विस्तार गरी अन्तर–स्थानीय सहकार्यलाई सुदृढ गरिनेछ।
- यसै आर्थिक वर्षबाट नगरपालिकाबाट भुमी प्रशासन सम्बन्धी सेवा सुचारू गरिनेछ ।

## ७. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

- विकास आयोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न वडा कार्यालयबाटै योजना सम्झौता, उपभोक्ता समिति अभिमुखीकरण तथा परियोजना व्यवस्थापनसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- आयोजनाको पहिचान, अध्ययन, मूल्याङ्कन, छनोट, प्राथमिकीकरण तथा पूर्वतयारीलाई व्यवस्थित गर्न परियोजना बैंक (Project Bank) निर्माण गरी स्रोतसहितका तयारी सम्पन्न आयोजनालाई मात्र क्रमशः कार्यान्वयनमा लगिने व्यवस्था गरिनेछ।
- योजना तर्जुमादेखि कार्यान्वयनसम्म संस्थागत संरचना, स्रोत व्यवस्थापन, जिम्मेवारी निर्धारण, कार्यसम्पादन सूचक तथा अनुगमन–मूल्याङ्कन प्रणालीलाई एकीकृत गरी नतिजामूलक विकास व्यवस्थापनलाई सुदृढ बनाइनेछ।
- विकास आयोजना तथा कार्यक्रमको गुणस्तरीय कार्यान्वयन, पारदर्शिता र उत्तरदायित्व अभिवृद्धिका लागि सूचना प्रविधिमा आधारित अनुगमन प्रणाली, नियमित सार्वजनिक समीक्षा तथा नागरिक सहभागितामूलक सामाजिक परीक्षणलाई प्रभावकारी बनाइनेछ।

### उपस्थित नगरसभाका सदस्यज्यूहरु

अन्त्यमा, नेपालको संविधानले आत्मसात् गरेका लोकतान्त्रिक मूल्य–मान्यता, समावेशी विकासको अवधारणा, दिगो विकासका लक्ष्यहरू, राष्ट्रिय तथा प्रदेशस्तरमा निर्धारित विकास प्राथमिकताहरू र हलेसी तुवाचुङ नगरवासीहरूको समृद्ध, सुशासित तथा समुन्नत नगर निर्माणको साझा आकांक्षालाई यस नीति तथा कार्यक्रमले समेट्ने प्रयास गरेको छ।

यस नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा महत्वपूर्ण सुझाव, परामर्श तथा सहयोग प्रदान गर्नुहुने नगरभित्रका राजनीतिक दल, विषय विज्ञ, नागरिक समाज, निजी क्षेत्र, सञ्चारकर्मी, विकास साझेदार, कर्मचारी तथा सम्पूर्ण नगरवासीप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु। यहाँहरूबाट प्राप्त रचनात्मक सुझाव तथा सहयोगले यस नीति तथा कार्यक्रमलाई अझ व्यवहारिक, समावेशी र परिणाममुखी बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ। साथै, यसको प्रभावकारी कार्यान्वयनमा समेत सबै पक्षबाट निरन्तर साथ, सहयोग र सहकार्य प्राप्त हुने विश्वास लिएको छु।

नगरपालिकाको भावी दिशा, विकासको मार्गचित्र तथा समृद्धिको आधार तय गर्ने यस महत्वपूर्ण नगरसभा प्रक्रियामा सुरुदेखि नै सक्रिय सहभागिता जनाई रचनात्मक सुझाव प्रदान गर्नुहुने सम्पूर्ण नगरसभा सदस्यज्यूहरूलाई नगर प्रमुखको तर्फबाट हार्दिक धन्यवाद तथा उच्च सम्मान व्यक्त गर्दछु।

**"समृद्ध हलेसी तुवाचुङ, सुखी र आत्मनिर्भर नगरवासी"**निर्माणको साझा संकल्पका साथ प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय नगरसभासमक्ष छलफल, परिमार्जन तथा स्वीकृतिका लागि **स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७** बमोजिम यस सदनमा पेश गर्दछु।

**धन्यवाद ।**

## हलेसी तुवाचुङ नगरपालिका नगरसभाको १९ औं नगर अधिवेशनमा आर्थिक वर्ष २०८३/०८४ को आम्दानी तथा खर्चको बजेट वक्तव्यः

नगरसभाका सभाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सदस्यज्यूहरू, हलेसी तुवाचुङ नगरपालिकाको १७औं बजेट अधिवेशनमा नगर कार्यपालिकाको तर्फबाट आ.व. २०८३/०८४ को विनियोजनको आधारहरू, प्रस्तावित आम्दानी तथा खर्चको विवरण पेश गर्ने अनुमति चाहान्छु।

यस सम्मानित नगरसभामा प्रस्तुत भएको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि तपसिल अनुसारको बजेट विनियोजनको आधार, आम्दानी र खर्चको बजेट अनुमान पेश गरेको छु।
सभाअध्यक्ष महोदय, आ.व. २०८३/०८४ को बजेट विनियोजनको आधारहरू प्रस्तुत गर्दछु।

### (क) कानुनी आधारः-

नेपालको संविधानको धारा २२९ मा नगरपालिकाको संचित कोष र सो कोषबाट धारा २३० अनुसार नगरपालिकाको राजस्व र व्ययको अनुमान यस नगरसभामा पेश गर्ने संवैधानिक प्रावधान अनुसार बजेट बनाउँदा संघीय अर्थ मन्त्रालय र प्रदेशको आर्थिक मामिला तथा कानून मन्त्रालयबाट प्राप्त मार्गदर्शन, नेपालको संविधानको अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मार्गदर्शनलाई आधार मानिएको छ। ऐनको दफा २४ मा नगरपालिका भित्र के-कस्ता योजना बनाउने भन्ने कुरा प्रष्ट रूपमा कानूनी रुपमै उल्लेख गरिएको छ।
यस्तै संविधानको धारा २२९ मा उल्लेखित नगरपालिकाको संचित कोषमा जम्मा हुने नगरपालिकाको आय रकमका सम्बन्धमा ऐनको दफा ६५ मा उपप्रमुखको संयोजकत्वमा रहेको स्थानीय राजस्व परामर्श समितिबाट ऐनको दफा ५४, ५५, ५६, ५७, ५८, ५९, ६०, ६१, ६२ र ६३ अनुसारको सेवा र क्षेत्रमा स्थानीय कर राजस्व र गैरकर राजस्वका लागि प्राप्त परामर्शका आधारमा नेपालको संविधानको धारा २२९ (२) अनुसार चालू सभाबाट स्वीकृत तथा पारित हलेसी तुवाचुङ नगरपालिकाको कर तथा गैरकर राजस्व संकलन ऐन, २०७६ बमोजिम र यसै बजेट तथा कार्यक्रमको अभिन्न अङ्गको रुपमा सभामा प्रस्तावित हलेसी तुवाचुङ नगरपालिकाको आय व्यवस्थापन गर्न हलेसी तुवाचुङ नगरपालिका आर्थिक ऐन, २०८३ को विधेयक समेतका आधारमा हलेसी तुवाचुङ नगरपालिकाको आ.व. २०८३/०८४ कानूनी आधार रहेको व्यहोरा निवेदन गर्न चाहन्छु।
त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ अनुसार नगरप्रमुखको संयोजकत्वमा रहेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेट सीमाका आधारमा ऐनको दफा ६७ अनुसार उपप्रमुखको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भई नगर कार्यपालिकाबाट नगरसभामा पेश हुन स्वीकृत बजेट तथा कार्यक्रम नै यस सभामा पेश गर्नु पर्ने कानुनी आधार रहेको व्यहोरा निवेदन गर्न चाहान्छु।

### (ख) हाम्रो अभ्यासः

स्वभाविक रुपमा लोकतान्त्रिक शासन व्यवस्था भनेको समाजका सबै जात, वर्ग, लिङ्ग, धर्म र वर्ण भएका नागरिकहरुको सार्वजनिक कल्याण गर्ने राज्यसंयन्त्रमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा अर्थपूर्ण सहभागिता हो। यसमा प्रतिनिधिमुलक प्रतिनिधित्व हुन्छ, लोकतन्त्रको सौन्दर्य पनि यही नै हो। वडा समितिहरूबाट वस्तीस्तरमा स्थानीय जनसाधारणको सहभागिताबाट छनौट भई प्राथमिकता प्राप्त कार्यक्रममा नै उल्लेखित खण्ड (क) को विभिन्न समितिहरूबाट कार्यक्रम छनौट र बजेट विनियोजन कार्य हुन्छ। यस सभामा समेत वडास्तरमा योजना छनौट प्रक्रियामा संलग्न पदाधिकारीहरू रहेका छौ, सभाबाट हामीले नै पारित तथा स्वीकृत गरी कार्यान्वयन पनि हाम्रै प्रत्यक्ष सुपरिवेक्षण, अनुगमनमा गर्ने गरिएको छ। यस प्रकारको हाम्रो अभ्यास दुनियाँको लोकतान्त्रिक व्यवस्थामा गौरवशाली अभ्यास रहेको व्यहोरा पनि म सभालाई निवेदन गर्न चाहन्छु।

आ.व. २०८३/०८४ को राजस्व सहित कुल आय प्रस्ताव गर्न चाहन्छु। आयको मूल स्रोत आन्तरिक आयतर्फ प्रस्तावित हलेसी तुवाचुङ नगरपालिकाको आर्थिक ऐन, २०८३ को विधेयकमा नगरपालिकाबाट लगाइएका विविध कर तथा गैरकर राजस्वको दायरा र दर तथा बाह्य आयतर्फ संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, विशेष अनुदान, समपूरक अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाडबाट प्राप्त हुने रकम, अन्य सरकारी निकायबाट प्राप्त हुने रकम, गत सालको खर्च नभई सरेको रकम तथा दायित्व र संचित कोषमा समावेश गरी खर्च गर्नुपर्ने र हिसाब राख्नु पर्ने सम्पूर्ण रकमलाई आय बनाइएको छ। यस सम्मानित सभामा आ.व. २०८२/०८३ को राजस्वको मूल विशेषता संक्षिप्त रुपमा निम्नानुसार भएको व्यहोरा उल्लेख गर्न चाहन्छु।

- आ.व. २०८३/०८४ मा पनि साविक हलेसी तुवाचुङ नगरपालिकाको सेवा शुल्कको दरमा सामान्य हेरफेर मात्र गरी वि.सं. २०८३ साल साउन १ गते देखि नगरपालिकाका सबै वडामा सेवा शुल्क दस्तुरको एउटै दर कायम गरिएको छ ।
- हलेसी तुवाचुङ नगरपालिका क्षेत्रभित्र विक्री वितरण हुने वस्तु तथा सेवामा राजस्व परामर्श समितिको सिफारिसमा तोकिएको दरले र नगरपालिकाभित्र उत्पादित वस्तु तथा सेवामा शुल्क निर्धारण गरिएको छ। कर तथा गैरकर राजस्वका दरलाई भन्दा दायरालाई फराकिलो बनाउने प्रयत्न गरिएको छ।
- नगरपालिका निर्माण गर्ने दायित्व नगरबासीहरूको नै हो, आर्थिक सहभागिता करलाई रहरका रुपमा आत्मसाथ गर्ने संस्कृति प्रवर्धन गर्न निजी क्षेत्रको संस्थागत प्रतिनिधि मूलक संस्था हलेसी तुवाचुङ उद्योग वाणिज्य संघसँगको विगतदेखिको सहकार्यलाई अझ सक्रिय र सशक्त बनाइनेछ।

सभा अध्यक्ष महोदय, आ.व. २०८३/०८४ को बजेट आय/आम्दानी प्रस्तुत गर्दछु।

## हलेसी तुवाचुङ नगरपालिका

नगरकार्यपालिकाको कार्यालय दुर्छिम, खोटाङ

आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित आय विवरण

| सि.नं. | स्रोत | आ.व.२०८३/०८४ को अनुमानित बजेट रु | चालु | पुंजीगत | आ.व.२०८४/८५ को प्रस्तावित बजेट रु | आ.व.२०८५/८६ को प्रस्तावित बजेट रु |
|---|---|---|---|---|---|---|
| १ | राजस्व बाँडफाँड संघीय सरकार | ११७२२८००० | | | १२८९५०८०० | १४१८४५८८० |
| २ | राजस्व बाँडफाँड प्रदेश सरकार | १२१९०३८७ | | | १३४०९४२५.७ | १४७५०३६८.२७ |
| ३ | वितीय समानीकरण अनुदान संघीय सरकार | ११३२००००० | | | १२४५२०००० | १३६९७२००० |
| ४ | वितीय समानीकरण अनुदान प्रदेश सरकार | ९९९२००० | | | १०९९१२०० | १२०९०३२० |
| ६ | आन्तरिक स्रोत नगरपालिका/घरजग्गा रजिष्ट्रेशन दस्तुर | २७२३८६१३ | | | २९९६२४७४.३ | ३२९५८७२१.७३ |
| | जम्मा | २७९८४९००० | ० | ० | ३०७८३३९०० | ३३८६१७२९० |
| १ | सशर्त अनुदान संघीय सरकार | ३५२१००००० | | | ३८७३१०००० | ४२६०४१००० |
| २ | विशेष अनुदान संघीय सरकार | ० | | | ० | ० |
| ३ | समपुरक अनुदान संघीय सरकार | २०२००००० | | | २२२२०००० | २४४४२००० |
| ४ | समपुरक अनुदान प्रदेश सरकार | १४०००००० | | | १५४००००० | १६९४०००० |
| ५ | सशर्त अनुदान प्रदेश सरकार | २००३३००० | | | २२०३६३०० | २४२३९९३० |
| ६ | सामाजिक सुरक्षा तथा संरक्षण | १५५०००००० | | | १७०५००००० | १८७५५०००० |
| | जम्मा | ५६१३३३००० | ० | ० | ६१७४६६३०० | ६७९२१२९३० |
| | कुल जम्मा | ८४११८२००० | ० | ० | ९२५३००२०० | १०१७८३०२२० |

| | |
|---|---|
| जम्मा रकम | २७९८४९००० |
| चालु खर्च | १३३१५०००० |
| वडागत पुँजीगत खर्च | ४५०००००० |
| पुँजीगत खर्च | १०१६९९००० |
| समपुरक | १६८००००० |

नगरपालिकाले संकलन गर्ने आन्तरिक आयको शिर्षकगत विवरण र सोको दररेट समेत यसै साथ संलग्न आर्थिक ऐनमा उल्लेख गरी प्रस्ताव गरेको छु।

सभा अध्यक्ष महोदय, आ.व. २०८३/०८४ को बजेट खर्च/व्यय प्रस्तुत गर्दछु। कुल बजेट ८४ करोड ११ लाख ८२ हजारको बजेट प्रस्तुत गर्दछु।

हलेसी तुवाचुङ नगरपालिकाको आ.व. २०८३/०८४ को शाखागत बजेट विनियोजन

| क्र.स. | शाखाको नाम | विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १ | कृषि तथा पशु विकास शाखा | ६९ लाख ६० हजार | |
| २ | युवा तथा खेलकुद | ९ लाख | |
| ३ | स्वास्थ्य | ८५ ला ९९ हजार | |
| ४ | शिक्षा | २ करोड ६४ लाख ५२ हजार | |
| ५ | महिला तथा वालवालिका | ५४ लाख ३८ हजार | |
| ६ | रोजगार, सीप तथा उद्यमशीलता | ३५ लाख ५० हजार | |
| ७ | प्रदेश तथा संघीय समपुरक | १ करोड ६८ लाख | |
| ८ | सामाजिक सुरक्षा तथा पञ्जिकरण | २ लाख | |

हलेसी तुवाचुङ नगरपालिकाको आ.व. २०८३/०८४ को क्षेत्रगत बजेट विनियोजन

| क्.स. | बजेटको क्षेत्र | वडा र नपाको जम्मा | विनियोजित प्रतिशत |
|---|---|---|---|
| क | भौतिक पुर्वाधार तर्फ | 2,58,75,000 | 39.81 |
| ख | सामाजिक विकास तर्फ | 1,47,80,000 | 22.74 |
| ग | आर्थिक विकास | 1,42,20,000 | 21.88 |
| घ | सुशासन तथा संस्थागत विकास तर्फ | 59,25,000 | 9.12 |
| ङ | बन वातावरण तथा विपद् व्यबस्थापन तर्फ | 42,00,000 | 6.46 |
| | जम्मा रु | **6,50,00,000** | **100.00** |

## (१) विनियोजनका सीमा र आधारहरू

१. कार्यालयको सञ्चालनका अनिवार्य खर्च, नगरवासीहरूको विकास र समृद्धिको चाहना, सबै क्षेत्र, वर्ग र तहको समानुपातिक विकासका लागि गर्नुपर्ने लगानी, विकासका साझेदारहरूसँग गर्नु पर्ने सहकार्यका लागि परिचालन गरिने स्रोतको व्यवस्था, टोलबस्ती स्तरबाट छनौट र प्राथमिकिकरण भै आएका योजनाहरूको संख्या र आवश्यकता, यसै सम्मानित सभाबाट स्वीकृत विनियोजन प्रस्ताव,

२. विगतमा सञ्चालन नभएका प्रकृतिका योजना र कार्यक्रमहरूलाई निरन्तरता प्राप्त गर्नका अलावा जैविक कृषि उत्पादन र पशुपन्छिजन्य उत्पादनलाई प्रोत्साहित गर्न चालू आ.व. मा पशुपन्छि, पशु वीमा, र कृषि उत्पादनमा साझेदारी सहयोग कार्यक्रम विनियोजित गरिएको छ।

३. बजेट न्यून भई सम्पादन हुन नसकने महत्वपूर्ण कार्यक्रम तथा योजनाहरूलाई बहुवर्षिय कार्यक्रमको रुपमा सञ्चालन गर्ने गराउने व्यवस्था मिलाइएको छ।

५. टोल बस्ती वडा हुँदै नगरसम्म प्राथमिकिकरण भई आएका तर रकम विनियोजन गर्न नसकिएका योजनालाई वडास्तर, नगरस्तर, प्रदेशस्तर र संघीयस्तरका योजनामा वर्गिकरण गरी योजना बैंकमा राखी स्रोत खोजी गर्न सक्ने अवस्था मिलाईएको छ।

६. यसै सभावाट स्वीकृत विनियोजन प्रस्तावले निर्धारण गरेको रकम रु ८४ करोड ११ लाख ८२ हजार को योजना तथा कार्यक्रमहरूमा विनियोजन गरी स्वीकृत विवरण हलेसी तुवाचुङ नगरपालिकाको आ.व. २०८३/०८४ को विनियोजन विधेयक र यसका अनुसूचीहरूमा संलग्न राखी प्रस्ताव गरेको छु।

बजेट तथा कार्यक्रमहरूको छोटो, छरितो र सरल कार्यका लागि तपसिल अनुसारको थप व्यवस्थाको लागि प्रस्ताव गरेको छु।

(क) भौतिक पूवाधारतर्फ योजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्दा उक्त योजनामा विनियोजन भएको रकमलाई नगर कार्यपालिकाले उपलब्ध गराउने रकमको हिस्सा मात्र मानी उपभोक्ताले नियमानुसार थप गर्नुपर्ने लागत सहभागिताको रकम थप गरी योजनाको कुल बजेट कायम गरिनेछ। यसरी उपभोक्ता समितिले लागत सहभागिता वापत थप गरेको रकममा कन्टिन्जेन्सी र मर्मतसंभार कोष जस्ता रकम कट्टान नहुने तर नियम अनुसार कर कट्टा हुने प्रस्ताव गरीएको छ।

(ख) लागत सहभागीता जुटाउनुपर्ने योजना तथा कार्यक्रमको हकमा विगतका व्यवस्थाहरूलाई नै निरन्तरता दिइएको छ।

(ग) नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरूलाई थप समय काममा खटाउँदा प्रदान गरिने सेवा सुविधा, नगर कार्यपालिका, वडा समिति, विषयगत समितिहरूमा बैठकहरूको व्यवस्थापन गर्दा खटिने कर्मचारीको तह, संख्या र निजले पाउने भत्ता समेतलाई नियमित र व्यवस्थित गर्न तथा नगर कार्यपालिका स्तरीय र वडा स्तरीय रूपमा संचालन गरिने क्षमता विकास, अन्तरक्रिया, सीप विकास जस्ता गोष्ठी सेमिनार, तालिम जस्ता कार्यक्रम सन्चालन गर्दा हुने खर्चको मापदण्ड प्रचलित संघीय, तथा प्रादेशिक कार्यसञ्चालन निर्देशिका तथा कार्याविधिको कार्यपालिकाले स्वीकृत गरी कार्यान्वयनमा ल्याउन प्रस्ताव गरिएको छ।

माथि उल्लेखित सम्पूर्ण योजना तथा कार्यक्रमहरू संचालन गर्न प्राप्त गर्ने आम्दानी र खर्चको विवरण पूर्णता दिन यसै बजेट तथा कार्यक्रमको सम्पूर्ण तथा अभिन्न अङ्गको रूपमा यस सम्मानित सभा समक्ष हलेसी तुवाचुङ नगरपालिका, आर्थिक विधेयक २०८३ र हलेसी तुवाचुङ नगरपालिका, विनियोजन विधेयक २०८३ मा संलग्न राखी छलफल र स्वीकृतिको लागि पेश गरेको छु।

**धन्यवाद।**